**आकाशवाणी समाचार- नेपाली**

मितिः १३ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले मराठा सैन्य भू-दृश्यहरुको प्रतिष्ठित यूनेस्को विश्व धरोहर सूचीमा सामेल गरिएकोमा सराहना गर्नुभएको छ।

- विदेश मंत्री सुब्रमण्यम जयशंकरको सिंगापुर अनि चीनको तीन दिने यात्रा आज देखि शुरु भैरहेको छ।

- अखिल भारतीय आयुर्वेद संस्थानको तीन दिवसीय राष्ट्रीय सम्मेलन आज देखि नयाँ दिल्लीमा शुरू भैरहेको छ।

- यूरोपीय संघका नेताहरुले 27 सदस्यीय यूरोपीय संघको उत्पादहरु माथि 30 प्रतिशत टैरिफ लगाउने अमेरिकाको निर्णयको आलोचना गरेका छन्।

- मौसम विभागले आगामी दुई दिनहरुको अवधि मध्य प्रदेश अनि पूर्वी राजस्थानमा अत्यधिक भारी वर्षाको ऑरेंज अलर्ट जारी गरेको छ।

**पीएम-यूनेस्को विरासत**

प्रधानमंत्री नरेन्द्र मोदीले मराठा सैन्य भू-दृश्यहरुको प्रतिष्ठित यूनेस्को विश्व धरोहर सूचीमा सामेल गरिएकोमा सराहना गर्नुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो – यस सम्मानले प्रत्येक भारतीय गर्वित छन्। उहाले भन्नुभयो कि यी मराठा सैन्य भू-दृश्यहरुमा 12 राजसी किल्लाहरु सामेल छन्। यी मद्धे 11 महाराष्ट्रमा अनि एउटा किला तमिलनाडुमा छ। प्रधानमंत्रीले भन्नुभयो कि मराठा साम्राज्य सुशासन, सैन्य शक्ति, सांस्कृतिक गौरव अनि सामाजिक कल्याण सित जोडिएको थियो। श्री मोदीले अझ भन्नुभयो कि महान शासकले कुनै प्रकारको अन्याय अघि नझुकने प्रति देशवासिहरुलाई प्रेरित गर्दछ। प्रधानमंत्रीले नागरिकहरुलाई यी किल्लाहरुको भ्रमण गर्ने अनि मराठा साम्राज्यको समृद्ध इतिहासलाई जान्नको लागि पनि प्रेरित गर्नुभयो।महाराष्ट्रका मुख्यमंत्री देवेन्द्र फडणनवीस सितै संस्कृति मंत्री गजेन्द्र सिंह शेखावतले पनि यस ऐतिहासिक उपलब्धिको सराहना गरेका छन्। उहाले भारतवासिहरुलाई यस उपलब्धिको लागि बधाई दिनुभएको छ।

**BYTE**

**जयशंकर-सिंगापुर चीन**

विदेश मंत्री सुब्रमण्यम जयशंकरको सिंगापुर अनि चीनको तीन दिने यात्रा आज देखि शुरु भैरहेको छ। उहाले सिंगापुरमा त्यहाका विदेश मंत्री अनि अन्य नेताहरुसित भेट गर्नुहुनेछ। डाक्टर जयशंकरले चीनको तियानचिन शहरमा **शंघाई सहयोग संगठनका** विदेश मंत्रिहरुको परिषदमा भाग लिनुहुनेछ। चीन यात्राको अवधि डाक्टर जयशंकरले द्विपक्षीय बैठकहरु पनि गर्नुहुनेछ।

**आयुर्वेद सम्मेलन**

**अखिल भारतीय** आयुर्वेद संस्थानको तीन दिवसीय राष्ट्रीय सम्मेलन आज देखि नयाँ दिल्लीमा शुरू भैरहेको छ। यो आयोजन शल्य चिकित्साका जनक मानिने सुश्रुतको जंयतीको उपलक्ष्यमा गरिँदैछ। आज यस सम्मेलनको पहिलो दिन दश एंडोस्कोपिक लैप्रोस्कोपिक सर्जरीको प्रत्यक्ष प्रदर्शन गरिनेछ। परपंरा अनि तकनीकको समागम भएको यस सम्मेलनमा देश-विदेशका 500 भन्दा अधिक चिकित्सकहरु , शोधकर्ताहरु , शिक्षाविदहरु अनि विद्वानहरु सामेल हुने संभावना छ। सम्मेलनमा आयुर्वेदको

क्षेत्रमा  चिकित्समा भएको प्रगति अनि अघि बढ्दै गरेको शैलिहरुलाई दर्शाईने छ।

**विश्व स्वास्थ्य संगठन - आयुष**

विश्व स्वास्थ्य संगठनले भारतमा पारंपरिक चिकित्सा अनि बिशेष गरेर  आयुष पद्धति सित यांत्रिक मेधा अर्थात् आर्टिफिशियल इंटेलिजेंसलाई जोड्नुलाई एक महत्वपूर्ण कदम बताएको छ। संगठनले आफ्नो पहिलो  तकनीकी रिपोर्टमा मानेको छ कि आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, यूनानी, सिद्ध, सोवा रिग्पा अनि होम्योपैथी सितै आर्टिफिशियल इंटेलिजेंसको प्रभावी उपयोग गरिंदैछ।

**वायसकास्ट**

केंद्रीय आयुष राज्यमंत्री प्रतापराव जाधवले भन्नुभएको छ कि विश्व संगठनको रिपोर्ट यस कुरोको प्रमाण हो कि भारत तकनीकको प्रयोग द्वारा पारंपरिक चिकित्सालाई अघि लिएर जान संकल्पित छ। उहाले भन्नुभयो – साथीक पोर्टल, नमस्ते पोर्टल अनि आयुष अनुसंधान पोर्टलको माध्यम द्वारा भारतले आफ्नो पारंपरिक चिकित्सा ज्ञानको संरक्षण गर्नको साथै  प्रमाण-आधारित चिकित्सा सेवा पनि उपलब्ध गराईरहेको छ। आयुष सचिव वैद्य राजेश कोटेचाले भन्नुभयो कि वर्ष 2018 मा शुरु गरिएको डिजिटल प्लेटफार्म आयुष ग्रिडको एक महत्वपूर्ण पहल हो। यस ग्रिड सितै **सही**, नमस्ते अनि आयुष अनुसंधान पोर्टल जोडिएको छ।

**निर्वाचन आयोग-बिहार**

बिहारमा अहिले सम्म 80 प्रतिशत भन्दा अधिक मतदाताहरुले आफ्नो फार्म जमा गराई सकेका छन्। निर्वाचन आयोगले भनेको छ कि मतदाताहरुलाई फॉर्म भराउने कम 25 जुलाईको निर्धारित समय-सीमा भन्दा अघिनै पूरा गर्ने प्रयास गरिन्दैछ। आयोगले भनेको छ कि पहिलो अगस्तमा प्रकाशित हुने अस्थायी सूचीमा नाम सामेल गर्नको लागि मतदाताहरुले  वांछित दस्तावेजहरुको साथमा फॉर्म भर्न पर्नेछ। आवश्येक परेको खण्डमा  मतदाताहरुलाई दस्तावेज़ जमा गर्नको लागि 30 अगस्त सम्मको समय दिन सकिनेछ। हिज साझ 6 बजे सम्म 4 करोड़ 66 लाख फॉर्म आयोगको  डिजिटल प्लेटफार्म **ईसीआईनेट** मा अपलोड गरिसकिएको छ।

**कारगिल- जलवायु सम्मेलन**

लद्दाख स्वायत्त पर्वतीय विकास परिषद, कारगिलले हिज एक अंतरराष्ट्रीय सहयोग पहलको हिस्साको रूपमा हिमालयमा जलवायु लचीलोपन बिषय माथि एक शैक्षणिक संवादको आयोजन गरे। यसमा  प्रमुख राष्ट्रीय अनि अंतर्राष्ट्रीय संस्थानहरुका प्रोफेसर अनि शोधकर्ताहरुले भाग लिए। यस प्रतिनिधिमंडलमा रूसको एचएसई विश्वविद्यालयका प्रोफेसर अलेक्जेंडर सोरकिन अनि सोफिया बोगोसियनको साथमा दिल्ली विश्वविद्यालयबाट डॉ. ऋचा अग्रवाल मलिक, डॉ. चंद्रपाल सिंह अनि डॉ. प्रदीप सिंह सामेल भए। यस सत्रको अध्यक्षता पर्यटन, कारगिल विकास प्राधिकरण, लोक स्वास्थ्य अभियांत्रिकी अनि सिंचाई विभागका कार्यकारी पार्षद काचो मोहम्मद फिरोजले गर्नुभयो। यस संवादको उद्देश्य जलवायु परिवर्तन प्रति हिमालयी क्षेत्रहरुको भेद्यतालाई संबोधित गर्नु अनि जलवायु लचीलोपनको लागि रणनीतिहरु माथि चर्चा गर्नु रहेको थियो।

**ईडी-धोखाधड़ी**

**प्रवर्तन निदेशालयले** रियल एस्टेट कंपनी **पर्ल्स एग्रोटेक कॉर्पोरेशन लिमिटेड अनि** निदेशकहरु तथा प्रोमोटरहरुको 762 करोड रुपियाँ भन्दा अधिकको अचल संपत्तिहरुलाई अस्थायी रूपमा जफत गरेको छ। यी संपत्तिहरु पंजाब, हरियाणा, दिल्ली, महाराष्ट्र अनि ऑस्ट्रेलियामा स्थित छन्। निदेशालयका अनुसार, **पर्ल्स एग्रोटेक अनि यसका** निदेशकहरुले बृहत मात्रामा धोखाधड़ीको सामूहिक निवेश योजनाहरु चलाएर लगभग 48 हजार करोड़ रुपियाँ उठाएर त्येसको दुरुपयोग गरेका छन्। ईडी को जांचबाट पत्तो लागेको छ कि संग्रह गरिएको धनको उपयोग 68 अचल संपत्तिहरु किन्नमा गरिएको छ।

**यूरोपीय संघ-अमेरिकी टैरिफ प्रतिक्रिया**

यूरोपीय संघका नेताहरुले 27 सदस्यीय यूरोपीय संघको उत्पादहरु माथि 30 प्रतिशत टैरिफ लगाउने अमेरिकाको निर्णयको

आलोचना गरेका छन्। यूरोपीय परिषदका अध्यक्ष एंटोनियो कोस्टाले भन्नुभएको छ कि टैरिफले मुद्रास्फीति बढ्नेछ अनि विकासमा बाधा आउनेछ। उहाले अमेरिकासित एक निष्पक्ष व्यापार समझौताको मांग गर्दै आफ्नो हित्तहरुको रक्षाको लागि यूरोपीय संघको प्रतिबद्धताको पुष्टि गर्नुभएको छ। यूरोपीय आयोगका अध्यक्ष उर्सुला वॉन डेर लेयेन ले भन्नुभएको छ कि यूरोपीय संघले आगामी एक अगस्त सम्म एक निष्पक्ष समझौताको दिशामा काम गर्न जारी राख्नेछ अनि आफ्नो हितहरुको रक्षाको लागि आवश्यक कदम उठाउन तैयार छ। फ्रांसीसी राष्ट्रपति इमैनुएल मैक्रों अनि इटलीका प्रधानमंत्री जियोर्जिया मेलोनीले शान्त अनि केंद्रित वार्ताको आह्वान गर्दै अमेरिका अनि यूरोपीय संघ बीच व्यापार संघर्ष हानिकारक हुने चेताउनी दिएका छन्। नीदरलैंडका कार्यवाहक प्रधानमंत्री डिक शूफले टैरिफ वृद्धिलाई चिंताजनक बताउनु भएको छ। जर्मनीका अर्थव्यवस्था मंत्री कैथरीना रीचेले भन्नुभएको छ कि टैरिफले यूरोपीय निर्यातकहरु माथि गंभीर प्रभाव पार्नेछ अनि अमेरिकी अर्थव्यवस्था अनि उपभोक्ताहरुलाई पनि क्षति पुर्याउनेछ।

**तेनज़िंग नॉर्गे पुरस्कार**

तेनज़िंग नॉर्गे राष्ट्रीय एडवेंचर पुरस्कार को लागि नामांकन शुरु भएको छ। यो पुरस्कार युवाहरुमा चुनौतीपूर्ण वातावरणमा एडवेंचर, जोखिम लिने साहस, टीम भावनाद्वारा काम गर्ने प्रवृत्ति अनि क्विक रिफ्लेक्समा असाधारण प्रदर्शनको लागि दिईने गरिन्छ। यो पुरस्कार भूमि, हावा अनि पानीमा एडवेंचर बाहेक एडवेंचरको क्षेत्रमा जीवनभरिको उपलब्धिको लागि पनि प्रदान गरिन्छ। यसलाई अर्जुन पुरस्कार सितै प्रदान गरिन्छ। विजेताहरुलाई पुरस्कार-स्वरूप 15 लाख रुपियाँ प्रदान गरिन्छ।

**मौसम**

मौसम विभागले आगामी दुई दिनहरुको अवधि मध्य प्रदेश अनि पूर्वी राजस्थानमा अत्यधिक भारी वर्षाको ऑरेंज अलर्ट जारी गरेको छ। आकाशवाणी समाचार सित कुराकानीमा बातचीतमा मौसम विभागका वरिष्ठ वैज्ञानिक डॉ. आर. के. जेनामणिले भन्नुभयो कि आगामी तीन देखि चार दिनहरु सम्म हिमाचल प्रदेश, उत्तराखंड अनि राजस्थानको कहिँ भागहरुमा भारी वर्षाको स्थिति बनीरहने छ। उहाले भन्नुभयो – अघिल्लो दुई दिनहरु सम्म देशको पूर्वी भागहरु पश्चिम बंगाल, सिक्किम, बिहार, झारखंड अनि ओडिशामा पनि वर्षा जारी रहने अनुमान छ।

**टेस्ट क्रिकेट**

लॉर्ड्स क्रिकेटमा , एंडरसन-तेंदुलकर ट्रॉफीको तेस्रो टेस्ट म्याचको चौथो दिन आज इंग्लैंडले भारत बिरुद्ध आफ्नो दोस्रो पारीमा कुनै विकेट नगुमाई 2 रन देखि अघि खेल्नेछ। म्याच भारतीय समय अनुसार अपरान्ह तीन बजेर तीस मिनेट जाँदा शुरू हुनेछ। पहिलो पारीमा , इंग्लैंडको 387 रनको जवाबमा भारतीय टीम पनि 387 रनमा आउट भयो।पांच टेस्ट म्याचको श्रृखंलामा दुवै टीम 1-1 को बराबरीमा छ।

****** ० ******